परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम, प्रदेश, नेपाल

प.सं.: २०८०/०८१ मिति: २०८०/०४/३०

च.न.: १४४

**विषय : आवस्यक जानकारी एवं कार्यान्वयन् सम्बन्धमा ।**

श्री सहकारी सस्थाहरु सबै,
परशुराम नगरपालिका, जोगवुडा

प्रस्तुत विषयमा सहकारी विभाग नयां वानेश्वर, काठमाण्डौको मिति:२०८०/०३/२२ मा प्रकासित सूचना अनुसारका आवस्यक कागजात समय भित्रै यस नगरपालिकाको सहकारी विकास शाखामा र सहकारी विभाग नयां वानेश्वर, काठमाण्डौमा उपलव्ध गराउनहुन यस नगरपालिकामा रहेका सवै सहकारी सस्थाहरुलाई जानकारी गराईन्छ । साथै विभागको मिति:२०८०/०३/२१मा जारी गरीएको निर्देशन कार्यान्वयन गर्न गराउन हुन समेत अनुरोध छ । थप जानकारीका लागि सूचना र निर्देशन सम्वन्धी पत्रको प्रतिलिपी समेत यसै साथ संलग्न गरि पठाईएको छ ।

कृष्ण देव जोशी
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

फोन : ०९६४११००४, फ्याक्स : ०९६४११००४
ईमेल : parshurammun@gmail.com, website : http://www.parshurammun.gov.np

CamScanner

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयां बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७९/८०
चलानी नं.:- ८४९६

श्री सूचना प्रविधि शाखा
सबै सहकारीहरुको जानकारीका लागि अपलोड गर्न।

मिति : २०८०/०३/२१

## सहकारी संघ/संस्थाका लागि जारी गरीएको निर्देशन

विश्व अर्थतन्त्रसँगै नेपालको वित्तीय क्षेत्रमा परेको असरका कारण सहकारीका सदस्यहरूको नियमित आय अवरूद्ध भई सहकारी संघ / संस्थाहरुको व्यवसाय समेत प्रभावित भएको हुदा सदस्यहरूको वित्तीय कारोबारलाई सहज बनाई सहकारी क्षेत्रको पूर्नःउत्थान गर्नका लागि सहकारी ऐन, २०७४ को दफा २३, दफा २५ को खण्ड (ज) र दफा ९५(५) एवं सहकारी नियमावली, २०७५ को नियम ७२ (३) र नियम ७६ (१) (झ) बमोजिम सहकारी विभागबाट यो निर्देशन जारी गरिएको छ ।

१. सहकारी संघ/संस्थाले आफ्ना सदस्यहरूसंग नियमित समन्वय र सम्पर्क गर्दै सदस्य केन्द्रित सेवा प्रवाह गरी सदस्यहरूको विश्वास आर्जनमा केन्द्रित हुने ।
२. वित्तीय साक्षरता कार्यक्रम संचालनमा जोड दिँदै संघ/संस्थाको वचत वृद्धि र भाखा नाघेको ऋण असुलीलाई प्रभावकारी वनाउने ।
३. ऋणी सदस्यहरूमा परेको प्रभाव मूल्यांकन गरी सदस्यको मागका आधारमा गत आ.व. मा खराव ऋणीको सूचीमा नपरेका तथा गत आ.व. मा कर्जा पूर्नतालिकीकरणको सुबिधा नलिएका र कर्जाको पाकेको ब्याजको ५० प्रतिशत भुक्तानी गरेमा बांकी सांवालाई ३ महिनाको अवधिका लागि मात्र पूर्नतालिकीकरणको व्यवस्था गर्न सकिने ।
४. कृषि उत्पादन तथा सेवासंग जोडिएका सहकारी संघ/संस्थाले कृषि उत्पादन वृद्धि, सामुहिक खेती प्रवर्द्धन, सदस्यहरूको उत्पादनको वजारीकरण गरी सदस्यहरूलाई कृषिको व्यवसायिकरण गर्न प्रेरित गर्ने ।
५. यस आ.व. २०७९/८० को व्याज २०८० श्रावण १५ गतेभित्रमा भुक्तानी प्राप्त भएमा यसै आ.व. को आयको रुपमा गणना गर्ने छुट सुविधा प्रदान गर्ने ।

(नमराज घिमिरे)
रजिष्ट्रार

२४४
मिति : २०८०/४/३०

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयां वानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७९/८०
चलानी नं.:- 9832

श्री मुख्य व्यवस्थापक ज्यू
जिपनोएक्स कं ज्यू

## सहकारी संघसंस्थाहरुलाई विवरण उपलब्ध गराउने बारे सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०८०/०३/२२

सहकारी ऐन २०७४ को दफा ७३ मा सबै सहकारी संस्थाहरुले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरणहरु तोकिएको ढाँचामा तोकिएको समयभित्र रजिष्ट्रार समक्ष अनिवार्य पेश गर्नुपर्ने व्यवस्था रहेको भएता पनि सबै सहकारी संस्थाहरुबाट उपरोक्त बमोजिम भए गरेको नपाईएकोले यो सूचना प्रकाशन गरिएको छ । यस विभागको नियमन क्षेत्राधिकारभित्र पर्ने सबै सहकारी संघसंस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र तपशिल बमोजिमका विवरणहरु अनिवार्य रुपमा विभागमा पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१. सहकारी संस्थाको आ.व. २०७८/७९ को साधारण सभाको उपस्थिति तथा निर्णयको प्रमाणित प्रतिलिपी सहितको प्रतिवेदन ।
२. आ.व. २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन ।
३. संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको फोटो र नागरिकताको प्रतिलिपी सहितको तीन पुस्ते विवरण ।
४. रु १ (एक) करोड वा सो भन्दा बढी ऋण लगानी भएका व्यक्ति वा संस्थाको विवरण ।

सहकारी विभाग

CamScanner